(घ) सेवा प्रदायक र उपभोक्ता बीच उत्पन्न विवाद तोकिए बमोजिम समाधान गर्ने गराउने,

(ङ) सेवा प्रदायकले प्रदान गरेको सेवासँग सम्बन्धित विवरण प्राप्त गरी प्रकाशन गर्ने गराउने,

(च) सेवा प्रदायकले सेवा बापत उपभोक्ताबाट उठाउने महसुलको निर्धारण सम्बन्धी मापदण्ड निर्धारण गरी सो अनुरुप कार्यान्वयन गराउने,

(छ) खानेपानी वा सरसफाई सेवा सम्बन्धी श्री ५ को सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने, र

(ज) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

७. **आयोगको बैठक र निर्णय :** (१) आयोगको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) आयोगको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) आयोगका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा आयोगको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूहरुमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(५) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगका दुईजना सदस्यले आयोगको बैठक बस्न आवश्यक छ भनी लिखित रुपमा अनुरोध गरेमा एक हप्ता भित्र अध्यक्षले आयोगको बैठक बोलाउनु पर्नेछ ।

(७) आयोगले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै निकायको प्रतिनिधि वा कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई आयोगको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) आयोगको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा सुविधाः** (१) अध्यक्ष आयोगको पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारीं हुनेछ ।

(२) अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका शर्त तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) आयोगको बैठकमा भाग लिए बापत सदस्यले तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

तर अयोगको कुनै सदस्यलाई कुनै निश्चित अवधि तोकी आयोगको काम गराउनु परेमा एक पटकमा तीन महिनामा नबढ्ने गरी आयोगले तोकिदिए बमोजिम पारिश्रमिक दिने गरी आयोगले काममा लगाउन सक्नेछ ।

## परिच्छेद - ३

## महसुल निर्धारण सम्बन्धी व्यवस्था

९. **महसुल निर्धारण गर्ने आधारः** (१) आयोगले सेवाको महसुल निर्धारण गर्दा ह्रास कट्टी, उपयुक्त लाभ, सेवा सञ्चालनको लागत, उपभोक्ता मूल्य सूचीको परिवर्तन, रोयल्टी, खानेपानी वा सरसफाई सेवाको सम्बन्धमा श्री ५ को सरकारको नीति, परिवर्त्य विदेशी मुद्राको विनिमय दर तथा दफा १० मा उल्लिखित कुराहरु समेतको आधारमा महसुल निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आधारमा महसुल निर्धारण गर्दा आयोगले उपभोक्ताहरुको बृहत्तर हितलाई ध्यानमा राखी पानीको गुणस्तर, उपभोक्ताको क्रयशक्ति तथा सेवाको स्तर समेतलाई विचार गर्नु पर्नेछ ।

१०. **महसुल निर्धारण गर्न निवेदन दिनु पर्नेः** सेवा प्रदायकले उपभोक्ताबाट लिने सेवा बापतको महसुल निर्धारण गराउन देहायका विवरण सहित तोकिए बमोजिमको ढाँचामा आयोग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रस्तावित महसुल निर्धारण गर्नु पर्ने आधारहरु,

(ख) महसुल दरमा परिवर्तन गर्नु पर्ने भए त्यसका आधारहरु,

(ग) साविकमा लिई आएको महसुल र प्रस्तावित महसुल दर स्पष्ट देखिने गरी तयार गरिएको तुलनात्मक मूल्य सूची,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सेवा प्रदायकले प्रस्ताव गरेको महसुलबाट सेवा सञ्चालन, मर्मत तथा संभार खर्च, ह्रास कट्टी, सेवा प्रदायकले सेवा सञ्चालनको लागि लिएको ऋणको साँवा ब्याजको भुक्तानी, बार्षिक मूल्य बृद्धिबाट बढ्ने खर्च समेतको हिसाब गरी सेवा प्रदायकलाई हुनसक्ने मनासिब मुनाफा,

(ङ) प्रस्तावित महसुलबाट खण्ड (घ) बमोजिमको खर्च धान्न र मुनाफा आर्जन गर्न पर्याप्त हुने नदेखिएमा वा तत्काल महसुल बढाउन नहुने भएमा त्यस्तो अपर्याप्तता पूर्ति गर्न सेवा प्रदायकले पहिचान गरेको आर्थिक स्रोत र दीर्घकालीन योजनाको मनासिव आधार,

(च) सेवा सञ्चालन खर्चमा साल बसाली हुने बृद्धि र प्रस्तावित महसुलको तुलनात्मक विश्लेषण,

(छ) प्रस्तावित महसुल व्यहोर्न नसक्ने तहका उपभोक्तालाई महसुलमा छुट गर्ने सम्बन्धमा तयार गरेको आधार र त्यस्तो छुट महसुलका कारणले अन्य उपभोक्तालाई पर्न सक्ने थप भार,

(ज) सेवा प्रदायकले प्रचलित कानून बमोजिम स्थापना भएको कुनै निकायबाट सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त गरेको वा सम्झौता गरेकोमा त्यस्तो अनुमतिपत्र वा सम्झौताको प्रतिलिपि,

(झ) तोकिए बमोजिमका अन्य कुराहरु ।

११. **निवेदन उपर जाँचबुझः** (१) दफा १० बमोजिम निवेदन परेमा निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात तथा विवरण पेश गरे नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा निवेदकले पेश गर्नु पर्ने कुनै कागजात वा विवरण पेश गरेको रहेनछ भने त्यस्तो कागजात वा विवरण पेश गर्न आयोगले निवेदकलाई मनासिव अवधि तोकी निवेदन दर्ता भएको मितिले पन्ध्र दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै कागजात वा विवरण पेश गर्न आयोगले अवधि तोकि सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात वा विवरण प्राप्त हुन आउँछ सोही मितिलाई निवेदन परेको मिति मानिनेछ ।

१२. **महसुल निर्धारण गर्नेः** (१) दफा १० बमोजिम परेको निवेदन उपर दफा ११ बमोजिम आयोगले जाँचबुझ गरेपछि निवेदकले प्रस्ताव गरेको महसुल दर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम वा संशोधन सहित आयोगले निवेदन परेको मितिले साठी दिन भित्र महसुल निर्धारण गर्नेछ ।

तर निवेदकले प्रस्ताव गरेको महसुल दरमा बीस प्रतिशतभन्दा बढी फरक पर्ने गरी आयोगले महसुल निर्धारण गर्ने छैन ।

(२) उपदफा (१) बमोजिम आयोगले महसुल निर्धारण गर्दा निर्धारित वा परिवर्तित दर लागू हुने मिति समेत तोकी दिनु पर्नेछ ।

(३) आयोगले दफा ११ बमोजिम निवेदन जाँचबुझ गर्दा निवेदकले प्रस्ताव गरेको महसुल परिवर्तन गर्न आवश्यक नदेखिएमा वा महसुल परिवर्तन गर्नु पर्ने आधार मनासिव नभएमा निवेदन परेको मितिले साठी दिनभित्र सम्बन्धित निवेदकलाई सोको कारण खुलाई जानकारी दिनु पर्नेछ ।

(४) आयोगले महसुल निर्धारण गर्दा दफा ९ र १० बमोजिमका आधारको अतिरिक्त प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त गरी वा सम्झौता गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकको हकमा त्यस्तो सम्झौता गर्दा वा अनुमतिपत्र प्रदान गर्दाका बखत तोकिएका अन्य शर्त समेतलाई महसुल निर्धारणको आधार मानिनेछ ।

(५) आयोगले उपदफा (१) बमोजिम महसुल निर्धारण गर्नु अघि प्रस्तावित महसुल दर खुलाई तोकिए बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सूचना प्रकाशन भए पछि प्रस्तावित महसुल दरका सम्बन्धमा उपभोक्ताबाट कुनै सुझाव वा प्रतिक्रिया प्राप्त हुन आएमा सो सम्बन्धमा उपभोक्ता संस्थाका प्रतिनिधिहरुसँग परामर्श गरी त्यस्तो सुझावलाई समेत आयोगले महसुल निर्धारणको आधार मान्न सक्नेछ ।

(७) कुनै व्यक्तिले सेवा प्रदायकलाई वा सेवा प्रदायकले कुनै व्यक्तिलाई खानेपानी वा सरसफाई सेवाको लागि एकमुष्ट पानी (बल्क वाटर सप्लाई) खरीद वा बिक्री गर्ने भएमा त्यसरी खरीद वा बिक्री गर्ने पानीको खरीद वा बिक्री मूल्य आयोगबाट पूर्व स्वीकृत गराउनु पर्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले एकमुष्ट पानी खरीद गर्ने उपभोक्ता र साधारण उपभोक्तालाई फरक फरक महसुल निर्धारण गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) यस दफा विपरित हुने गरी कुनै सेवा प्रदायकले उपभोक्ताबाट कुनै महसुल लिएमा वा त्यसरी महसुल लिने गरी कुनै सम्झौता वा कारोबार गरेमा यस अध्यादेश बमोजिम कसुर गरेको मानिनेछ ।

(१०) महसुल निर्धारण सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१३. **सूचना प्रकाशन गर्नु पर्ने:** दफा १२ बमोजिम आयोगले निर्धारण गरेको महसुल दर सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

१४. **आयोगले शुल्क लगाउन सक्ने:** सेवा प्रदायकले उपभोक्ताबाट लिने महसुलको दुई प्रतिशतमा नबढ्ने गरी आयोगले सेवा प्रदायकबाट तोकिए बमोजिम शुल्क लगाई उठाउन सक्नेछ ।

१५. **आयोगले उजुरी सुन्न सक्ने** : (१) सेवा प्रदायकले प्रदान गरेको सेवा उपर चित्त नबुझ्ने उपभोक्ताले तोकिए बमोजिम आयोग समक्ष उजुरी दिन सक्नेछ ।

तर त्यसरी उजुरी दिनु अघि उपभोक्ताले प्राप्त गरेको सेवाका सम्बन्धमा चित्त नबुझेको कुराहरु खुलाई सेवा प्रदायकलाई जानकारी गराई सकेको र त्यसमा उपभोक्ताले सन्तोषप्रद उपचार नपाएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा आयोगले आवश्यक छानविन गरी सेवाको स्तर सुधारका सम्बन्धमा सम्बन्धित सेवा प्रदायकलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद-४

## जरिवाना तथा विशेष कोष सम्बन्धी व्यवस्था

१६. **आयोगले जरिवाना गर्न सक्ने:** (१) कुनै सेवा प्रदायकले आयोगले निर्धारण गरेको महसुल लागू नगरेमा, आयोगले निर्धारण गरेको भन्दा बढी महसुल उठाएमा वा स्वीकृत मापदण्ड विपरीत असमान महसुल लगाएमा त्यस्ता सेवा प्रदायकलाई आयोगले कसुरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपभोक्ताले दिएको उजुरी उपर कुनै सेवा प्रदायकले मनासिव कारवाही नगरेको कुरा उपभोक्ताले प्रमाणित गरेमा आयोगले त्यस्तो सेवा प्रदायकलाई दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै उपभोक्ताले दुःख दिने दुराशयले सेवा प्रदायक विरुद्ध झुठ्ठा उजुरी गरेमा उजुरीको प्रकृति हेरी आयोगले त्यस्ता उपभोक्तालाई पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) उपदफा (१), (२) वा (३) बमोजिम जरिवाना बापत प्राप्त हुन आएको रकम दफा १७ बमोजिमको कोषमा जम्मा गरिनेछ ।

१७. **विशेष कोषको स्थापनाः** (१) आयोगले दफा १६ बमोजिम जरिवाना वापत प्राप्त गरेको रकम एउटा छुट्टै विशेष कोषको स्थापना गरी जम्मा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहेको रकम सेवा प्रदायकबाट प्रदान गरिएको सेवा प्राप्त गर्न तोकिए बमोजिमका असमर्थ उपभोक्तालाई अनुदान दिने काममा खर्च गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## आयोगको कोष तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था

१८. **आयोगको कोषः** (१) आयोगको आफ्नो एउटा छुट्टै कोष हुनेछ र त्यस्तो कोषमा देहायका रकम रहनेछन्:-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै अन्तर्राष्ट्रिय वा विदेशी संघ, संस्थाबाट प्राप्त रकम,

(ग) दफा १४ बमोजिम सेवा प्रदायकले आयोगमा जम्मा गरेको रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) कुनै अन्तराष्ट्रिय वा विदेशी संघ, संस्थाबाट ऋण वा सहयोग लिनु अघि आयोगले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) आयोगको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) उपदफा (१) बमोजिमको रकम नेपाल अधिराज्यको कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

(५) उपदफा (४) बमोजिमको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. **लेखा र लेखापरीक्षण:** (१) आयोगको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) आयोगले तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रणको व्यवस्था गर्नु गराउनु पर्नेछ ।

(३) आयोगको लेखाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा जुनसुकै बखत आयोगको लेखा तथा तत्सम्बन्धी कागजात जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद-६

## विविध

२०. **महसुल पुनरावलोकन हुन सक्ने:** (१) दफा १२ बमोजिम आयोगले निर्धारण गरेको महसुल उपर चित्त नबुझ्ने सेवा प्रदायकले चित्त नबुझ्नाको उचित र पर्याप्त कारण सहित महसुल निर्धारण भएको सूचना पाएको मितिले तीस दिनभित्र भौतिक योजना तथा निर्माण मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा श्री ५ को सरकारले देहायको अध्यक्ष तथा सदस्य रहेको एउटा महसुल पुनरावलोकन आयोग गठन गर्न सक्नेछ :-

(क) पुनरावेदन अदालतको न्यायाधीश भइसकेको वा हुन योग्यता पुगेको व्यक्ति- - अध्यक्ष

(ख) इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी खानेपानी वा सरसफाईको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको व्यक्ति- - सदस्य

(ग) चाटर्ड एकाउन्टेन्सी वा वाणिज्य शास्त्रमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा पन्ध्र वर्षको लेखापरीक्षण सम्बन्धी अनुभव हासिल गरेको व्यक्ति- -सदस्य

(३) उपदफा (२) बमोजिमको आयोगले उपदफा (१) बमोजिम प्राप्त हुन आएका निवेदन उपर आवश्यक छानबिन गरी दफा १२ बमोजिम निर्धारित महसुल उपर पुनरावलोकन गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (२) बमोजिमको आयोगले उपदफा (३) बमोजिम पुनरावलोकन गर्नु अघि तोकिए बमोजिम सार्वजनिक सुनवाई समेत गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिमको आयोगले उपदफा (४) बमोजिम सार्वजनिक सुनवाई गर्दा प्राप्त हुन आएका सुझाब समेतलाई अध्ययन गरी दफा १२ बमोजिम निर्धारित महसुल पुनरावलोकन गर्ने काम प्रारम्भ गरेको मितिले तीस दिनभित्र महसुल पुनरावलोकन गरी सोको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रकाशन गरेको महसुल अन्तिम हुनेछ ।

(७) उपदफा (२) बमोजिमको आयोगको सचिवालय भौतिक योजना तथा निर्माण मन्त्रालयमा रहनेछ ।

(८) भौतिक योजना तथा निर्माण मन्त्रालयबाट तोकिएको अधिकृतले उपदफा (२) बमोजिमको आयोगको सचिव भै काम गर्नेछ ।

(९) उपदफा (२) बमोजिमको आयोगमा आवश्यक पर्ने कर्मचारी श्री ५ को सरकारले उपलब्ध गराउनेछ ।

(१०) उपदफा (२) बमोजिमको आयोगको बैठक, निर्णय सम्बन्धी व्यवस्था तथा सो आयोगका अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

(११) उपदफा (५) बमोजिम महसुल पुनरावलोकन गर्ने काम समाप्त भएपछि उपदफा (२) बमोजिमको आयोग स्वतः विघटन भएको मानिनेछ ।

२१. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) आयोगमा आवश्यकता अनुसार कर्मचारी रहनेछन् ।

(२) आयोगमा रहने कर्मचारीको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

२२. **विवाद समाधान गर्नेः** सेवा प्रदायक र उपभोक्ता बीच वा प्रचलित कानून बमोजिम सेवा प्रदान गर्न अनुमतिपत्र दिने निकाय र सेवा प्रदायक बीच कुनै विवाद उत्पन्न भएमा आयोगले तोकिए बमोजिम त्यस्तो विवादको समाधान गर्नेछ ।

२३. **समिति गठन गर्न सक्नेः** (१) आयोगले यस अध्यादेश वा यस अन्तर्गत बनेको नियम बमोजिम आफूले सम्पादन गर्ने काम सरल ढंगले सम्पादन गर्न आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सेवा प्रदायकले उपभोक्तालाई प्रदान गर्ने सेवाको अनुगमन गरी उपभोक्ताहरुको हक हित संरक्षण गर्ने सम्बन्धमा आयोगलाई सुझाव दिन तथा सेवामा उचित पहुँच नपुगेका वा सेवाको महसुल तिर्न असमर्थ उपभोक्ताहरुको हित संरक्षण गर्न आयोगले आवश्यकता अनुसार उपभोक्ता सेवा सुझाब समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गठित समिति वा उपसमितिको काम, कर्तव्य र अधिकार तथा तत् सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२४. **अधिकार प्रत्यायोजन:** आयोगले यस अध्यादेश वा यस अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, दफा २३ बमोजिमको कुनै समिति वा उपसमिति वा आयोगको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२५. **बार्षिक प्रतिवेदन पेश गर्नु पर्ने:** (१) आयोगले आफूले बर्षभरी सम्पादन गरेको कामको संक्षिप्त विवरण, सोको प्रशासकीय खर्च, आय व्ययको विवरण तथा भविष्यमा सञ्चालन गर्ने कार्यक्रम समेत समावेश गरी प्रत्येक बर्षको असोज महिना भित्र श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन श्री ५ को सरकारले आवश्यकता अनुसार आयोगलाई सार्वजनिक गर्न लगाउनेछ ।

२६. **श्री ५ को सरकारसँग सम्पर्क:** आयोगले श्री ५ को सरकारसँग सम्पर्क राख्दा भौतिक योजना तथा निर्माण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२७. **नियम बनाउने अधिकार:** यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२८. **निर्देशिका बनाइ लागू गर्न सक्ने:** आयोगले यस अध्यादेश र यस अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२९. **बचाउ:** सम्बत् २०६२ साल वैशाख ५ गते जारी भएको खानेपानी महसुल निर्धारण आयोग अध्यादेश, २०६२ बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**शपथ**

म........ ........................... ईश्वरलाई साक्षी राखी सत्य निष्ठापूर्वक शपथ लिन्छु कि आयोगको अध्यक्ष/सदस्यको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी निष्पक्ष तथा इमान्दारीपूर्वक गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा जानकारी हुन आएको गोप्य कुरा प्रचलित कानूनको पालनाको सिलसिलामा बाहेक कुनै अवस्थामा कसैलाई कुनै पनि माध्यमबाट आफू पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन ।

मितिः-

दस्तखत :.....................

**लालमोहर सदर मिति २०६२।७।३।५**

**आज्ञाले,**
**डा. कुलरत्न भुर्तेल**
**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०६२ सालको अध्यादेश नं. ३८**

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## खानेपानी व्यवस्थापन बोर्डको स्थापना र सञ्चालन गर्न बनेको अध्यादेश

प्रस्तावना: नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई त्यस्तो क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उचित र प्रभावकारी व्यवस्था गर्न खानेपानी व्यवस्थापन बोर्डको तत्काल स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "खानेपानी व्यवस्थापन बोर्ड अध्यादेश, २०६२" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "अध्यक्ष" भन्नाले कार्यकारी समितिको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने अन्य कुनै व्यक्ति समेतलाई जनाउँछ ।

(ख) "अनुमतिपत्र" भन्नाले बोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्र सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवा प्रदायकलाई दिने अनुमतिपत्र सम्झनु पर्छ ।

(ग) "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धिकरण गरी उपभोक्तालाई उपलब्ध गराउने काम सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित नगरपालिका सम्झनु पर्छ ।

(ङ) "प्राकृतिक पानी" भन्नाले सनातनदेखि ढुङ्गेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसृत भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्छ ।

(च) "बोर्ड" भनाले दफा ३ बमोजिम गठन भएको खानेपानी व्यवस्थापन बोर्ड सम्झनु पर्छ र सो शब्दले दफा ७ बमोजिम गठन भएको काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड समेतलाई जनाउँछ ।

(छ) "भौगोलिक क्षेत्र" भन्नाले बोर्डले यस अध्यादेश बमोजिम खानेपानी वा सरसफाई सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने गरी दफा ५ बमोजिम श्री ५ को सरकारले तोकिदिएको क्षेत्र सम्झनु पर्छ ।

(ज) "महसुल" भन्नाले सेवा प्रदायकले सेवा प्रदान गरे बापत उपभोक्ताबाट लिन पाउने महसुल सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) "सरसफाई सेवा" भन्नाले मानव मलमूत्रमा वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्काशन भएको फोहर पानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले कार्यकारी समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(ट) "समिति" भन्नाले यस अध्यादेश बमोजिम गठन भएको बोर्डको कार्यकारी समिति सम्झनु पर्छ ।

(ठ) "सेवा" भन्नाले खानेपानी वा सरसफाई सेवा सम्झनु पर्छ ।

(ड) "सेवा प्रदायक" भन्नाले महसुल लिई सेवा उपलब्ध गराउने कुनै व्यक्ति, उपभोक्ता समूह वा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले बोर्डसँग सम्झौता गरी सेवा प्रदान गर्ने अन्य कुनै व्यक्ति समेतलाई जनाउँछ ।

(ढ) "सेवा- प्रणाली" भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइप, जलाशय, खानेपानी प्रशोधन वा शुद्धिकरण गर्ने प्लाण्ट वा फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धिकरण गर्ने प्लाण्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ ।

(ण) "संस्थान" भन्नाले नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम स्थापित नेपाल खानेपानी संस्थान सम्झनु पर्छ ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## बोर्डको गठन, काम, कर्तव्य र अधिकार

३. **बोर्ड गठन गर्न सक्ने:** (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यो अध्यादेश प्रारम्भ हुँदाका बखत कुनै सरकारी निकायले सञ्चालन गरिरहेको कुनै एक वा एकभन्दा बढी नगरपालिका क्षेत्रको सेवाप्रणाली तथा सेवालाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन सम्बन्धित नगरपालिकासँग परामर्श गरी आवश्यकता अनुसार खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रणाली कुनै गाउँ विकास समितिको केही वा पूरै भागमा समेत सञ्चालन भइरहेको रहेछ भने त्यस्तो गाउँ विकास समितिको त्यस्तो भाग समेतलाई उपदफा (१) बमोजिम गठन हुने बोर्डको भौगोलिक क्षेत्रभित्र समावेश गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सरकारी निकाय वा नगरपालिकाको सञ्चालनमा रहेको सेवा यस अध्यादेश बमोजिम सञ्चालन गर्न गराउन सम्बन्धित नगरपालिकाले चाहेमा देहायको विवरण खुलाई बोर्ड गठन गर्न श्री ५ को सरकार समक्ष निवेदन दिन सक्नेछ :-

(क) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्रको विवरण,

(ख) नगरपालिकासँग जोडिएको कुनै गाउँ विकास समितिमा समेत त्यस्तो सेवा विस्तार भएको रहेछ भने सोको विवरण,

(ग) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको वा सो सँग सम्बन्धित पानीको स्रोतको विवरण,

(घ) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(ङ) सेवा सञ्चालन गर्नका लागि लाग्ने लागत,

(च) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(छ) सेवालाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन तयार गरिएको कार्य योजना,

(ज) बोर्ड आफैले सेवा सञ्चालन गर्ने वा अन्य व्यक्ति वा संस्था मार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(झ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आवश्यक सम्पत्ति तथा दायित्व र सोको हस्तान्तरण गर्ने तरीका तथा तत्सम्बन्धी अन्य व्यवस्था, र


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) तोकिए बमोजिमका अन्य कुराहरु ।

(४) उपदफा (३) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निवेदकले माग गरे बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

४. **बोर्ड स्वशासित संस्था हुने:** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **बोर्डको भौगोलिक क्षेत्र:** (१) दफा ३ बमोजिम गठन हुने बोर्डको भौगोलिक क्षेत्र त्यस्तो बोर्ड गठन गर्दाका बखत श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशन गरेको सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बोर्डको भौगोलिक क्षेत्र कुनै कारणले थपघट वा हेरफेर गर्नु परेमा सोको पर्याप्त कारण सहित बोर्डले श्री ५ को सरकार समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा श्री ५ को सरकारले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न उपयुक्त देखेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न सक्नेछ ।

६. **बोर्डको काम, कर्तव्य र अधिकार:** यस अध्यादेशमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) सेवा प्रणाली प्राप्त गर्ने, निर्माण गर्ने, सोमा विस्तार, सुधार तथा पुनर्स्थापना गर्ने गराउने,

(ख) सेवाको उपयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने गराउने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

(घ) खानेपानीको स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्भेक्षण गर्ने गराउने,

(ङ) सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वियन गर्ने गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने,

(छ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको श्रोत पहिचान गरी प्राप्त गर्ने,

(ज) प्रचलित कानून बमोजिम सेवाको महसुल दर निर्धारण गराउने,

(झ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रवन्ध गर्ने,

(ञ) सेवा प्रदायकलाई सेवा प्रदान गर्न अनुमतिपत्र प्रदान गर्ने वा सेवा प्रदायकसँग सम्झौता गरी सेवा प्रदान गराउने,

(ट) उपभोक्तालाई प्रदान गर्ने सेवा बापत निर्धारित महसुल असुल गर्ने गराउने,

(ठ) सेवा प्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीर मर्का पर्न गएमा सो उपर सुनवाई गरी उपयुक्त उपचार दिने,

(ड) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिए बमोजिमका अन्य काम गर्ने ।

७. **काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड गठन गर्ने:** (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले काठमाडौं उपत्यकाभित्रका नगरपालिका क्षेत्रको खानेपानी सेवा तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न गराउनको लागि काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ ।

9229



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम बोर्ड गठन गर्दाका बखत काठमाडौं उपत्यकाका नगरपालिकाहरुको सेवा प्रणालीबाट कुनै गाउँ विकास समिति वा त्यसको कुनै भागमा समेत सेवा सञ्चालन भइरहेको रहेछ भने त्यस्तो गाउँ विकास समिति वा त्यसको कुनै भाग समेत बोर्डको भौगोलिक क्षेत्र भित्र समावेश गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम बोर्ड गठन भएपछि श्री ५ को सरकारले काठमाडौं उपत्यका भित्र संस्थानद्वारा सञ्चालन तथा व्यवस्थापन भइरहेको सेवा र सो सँग सम्बन्धित सेवा प्रणाली, सम्पत्ति तथा दायित्व बोर्डलाई तोकिए बमोजिम हस्तान्तरण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम बोर्ड गठन गर्दाका बखत काठमाडौं उपत्यका भित्रका नगरपालिका क्षेत्रमा कुनै सरकारी निकायले सेवा उपलब्ध गराइरहेको भए त्यसको सेवा प्रणाली समेत श्री ५ को सरकारले यस दफा बमोजिम गठित बोर्डलाई हस्तान्तरण गर्न सक्नेछ ।

(५) यो अध्यादेश प्रारम्भ हुँदाका बखत सिन्धुपाल्चोक जिल्ला स्थित मेलम्ची खोलाको पानी काठमाडौं उपत्यकामा ल्याई उपत्यकाको सेवा प्रणाली भित्र समावेश गर्ने सम्बन्धमा सञ्चालनमा रहेको मेलम्ची आयोजना सम्पन्न भएको एक बर्षभित्र सो आयोजनाका सम्पूर्ण संरचना तथा त्यस्तो संरचनामा जडित उपकरणहरु र सो सँग सम्बद्ध दायित्व श्री ५ को सरकारले तोकिदिए बमोजिम उपदफा (१) बमोजिम गठित बोर्डमा हस्तान्तरण गर्नेछ ।

(६) उपदफा (५) बमोजिम त्यस्तो आयोजनाका संरचना तथा उपकरणहरु हस्तान्तरण भएमा सो आयोजना अन्तर्गत निर्मित संरचना, त्यसमा जडित उपकरण तथा सेवा प्रणाली यस दफा बमोजिम गठित बोर्डमा स्वतः सरेको मानिनेछ र त्यसको मर्मत, संभार तथा विस्तार गर्ने दायित्व सोही बोर्डको हुनेछ ।

(७) उपदफा (५) बमोजिम आयोजनाका संरचना तथा उपकरणहरु हस्तान्तरण गर्दा सो संरचना र उपकरण वा सेवा प्रणालीसँग सम्बद्ध कर्मचारीहरु आवश्यकता अनुसार यस दफा बमोजिमको बोर्डमा सार्न सकिनेछ ।

(८) दफा ६ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त यस दफा बमोजिम गठन हुने काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको थप काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भौगोलिक क्षेत्रभन्दा बाहिरबाट प्राकृतिक स्रोतको पानी पथान्तरण (डाइभर्सन) गरी आफ्नो भौगोलिक

१२०२२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रभित्र सेवा उपलब्ध गराउन त्यस्तो पानी प्राप्त गर्ने तथा सो सम्बन्धमा अन्य व्यक्तिसंग प्रचलित कानून बमोजिम सम्झौता गर्ने,

तर आफ्नो भौगोलिक क्षेत्रभन्दा बाहिरबाट पथान्तरण (डाइभर्सन) गरी आफ्नो भौगोलिक क्षेत्रभित्र पानी ल्याउँदा सो क्षेत्रका स्थानीय निकाय वा उपभोक्तालाई मनासिब रकम दिन सक्नेछ ।

(ख) यो अध्यादेश प्रारम्भ हुँदाका बखत कुनै नगरपालिका वा सेवा प्रदायकले सञ्चालन गरिरहेको सेवा प्रणाली हस्तान्तरण गरी लिन आवश्यक भएमा मनासिब क्षतिपूर्ति दिई त्यस्तो सेवा प्रणाली आफ्नो स्वामित्वमा लिई सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

(ग) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो भौगोलिक क्षेत्रभित्र भूमिगत स्रोतबाट पानी निकाल्ने र उपयोग गर्ने कार्यलाई तोकिए बमोजिम नियमित, नियन्त्रण वा निषेध गर्ने तथा आवश्यकता अनुसार त्यस्तो पानी निकाल्न वा उपयोग गर्न तोकिए बमोजिम अनुमतिपत्र प्रदान गर्ने ।

८. **बोर्डले सेवा सञ्चालन गर्ने गराउने:** (१) यस अध्यादेश बमोजिम गठित बोर्डले सञ्चालन गर्नु पर्ने सेवा आफैले वा आवश्यकता अनुसार सेवा प्रदायकलाई अनुमतिपत्र प्रदान गरी वा निजसंग सम्झौता गरी सञ्चालन गर्न गराउन सक्नेछ ।

तर दफा ७ बमोजिम गठित बोर्डले सेवा प्रदायक मार्फत सेवा सञ्चालन गराउनेछ ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायकलाई अनुमतिपत्र प्रदान गर्दा वा निजसँग सम्झौता गर्दा बोर्डले आवश्यक शर्त तोक्न सक्नेछ ।

(३) सेवा प्रदायकले पालन गर्नु पर्ने शर्तहरु अनुमतिपत्र वा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

(४) अनुमतिपत्रको ढाँचा तथा सम्झौतामा उल्लेख हुनु पर्ने कुरा तोकिए बमोजिम हुनेछ ।

९. **पानी उपभोग तथा वितरण सम्बन्धी अधिकार सर्ने** : (१) संस्थानले सञ्चालन र व्यवस्थापन गरेको सेवा प्रणाली यस अध्यादेश बमोजिम बोर्डमा हस्तान्तरण भएमा संस्थानले सेवा प्रदान गर्न उपयोग गरेको पानीको सम्पूर्ण स्रोतमा बोर्डको अधिकार हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम संस्थानबाट हस्तान्तरण भएको सेवा प्रणालीको उपयोग, सञ्चालन तथा मर्मत सम्भार वा पुनर्स्थापन गर्ने क्रममा सार्वजनिक वा व्यक्तिगत घर जग्गामा पाइप राख्ने वा संरचनाको पुन:निर्माण वा पुनर्स्थापना गर्ने सम्बन्धमा बोर्डलाई संस्थानलाई भए सरहको अधिकार हुनेछ ।

## परिच्छेद-३

## कार्यकारी समितिको गठन तथा बैठक सम्बन्धी व्यवस्था

१०. **कार्यकारी समितिको गठन:** (१) यस अध्यादेश बमोजिम बोर्डको तर्फबाट सम्पादन गर्नु पर्ने सम्पूर्ण काम कारबाही सुचारु रुपले सम्पादन गर्न एक कार्यकारी समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) बोर्डको भौगोलिक क्षेत्रभित्रका नगरपालिकाको प्रमुख -सदस्य

(ख) प्रतिनिधि, भौतिक योजना तथा निर्माण मन्त्रालय -सदस्य

(ग) बोर्डको भौगोलिक क्षेत्रभित्रका गाउँ विकास समितिका अध्यक्षहरुले आफूमध्येबाट छानेको एकजना गाउँ विकास समितिको अध्यक्ष -सदस्य

(घ) स्थानीय उद्योग वाणिज्य संघको अध्यक्ष -सदस्य

(ङ) स्थानीय उपभोक्ता संघको अध्यक्ष -सदस्य

(च) खानेपानी वा सरसफाई सेवा क्षेत्रमा कार्यरत स्थानीय गैर सरकारी संस्थाहरुमध्येबाट समितिले मनोनयन गरेको एकजना व्यक्ति -सदस्य

(छ) खानेपानी तथा सरसफाई सेवा क्षेत्रका विज्ञमध्येबाट समितिले मनोनयन गरेको एकजना व्यक्ति -सदस्य

(३) उपदफा (२) को खण्ड (ग), (घ) वा (ङ) बमोजिमको सदस्यले प्रतिनिधित्व गर्दा सम्बन्धित क्षेत्रमा एक भन्दा बढी संस्था भएमा त्यस्तो संस्थाले आलोपालो गरी प्रतिनिधित्व गर्नु पर्नेछ ।

१२२४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यस्ता संस्थाहरु बीच आलोपालो गरी प्रतिनिधित्व गर्ने सम्बन्धमा सहमति हुन नसकेमा त्यस्ता संस्थाहरु मध्येबाट प्रतिनिधित्व हुने गरी समिति आफैले मनोनयन गर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि चार बर्षको हुनेछ र निजहरु पुनः मनोनयन हुन सक्ने छन् ।

(५) समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको व्यक्ति समितिको अध्यक्ष हुनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (च) बमोजिम समितिको सदस्य मनोनयन गर्दा उपलब्ध भएसम्म महिलालाई प्राथमिकता दिनु पर्नेछ ।

(७) समितिका सदस्यले आफ्नो कार्य सम्हाल्नु अघि अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

(८) बोर्डको कार्यकारी निर्देशकले समितिको सचिव भई काम गर्नेछ ।

११. **काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको कार्यकारी समितिको गठन :** (१) दफा १० मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (१) बमोजिम गठन हुने काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको तर्फबाट सम्पादन गर्नु पर्ने सम्पूर्ण काम कारबाही सुचारु रुपले सम्पादन गर्न एक कार्यकारी समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), भौतिक योजना तथा निर्माण मन्त्रालय -सदस्य

(ख) काठमाडौं उपत्यका भित्रका नगरपालिकाका प्रमुखहरु -सदस्य

(ग) काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला बिकास समितिले आपसमा परामर्श गरी मनोनयन गरी पठाएको कुनै जिल्ला बिकास समितिको एकजना सदस्य -सदस्य

(घ) प्रतिनिधि, उद्योग वाणिज्य महासंघ -सदस्य

(ङ) समितिले मनोनयन गरेको काठमाडौं उपत्यकामा कार्यरत उपभोक्ता संघ संस्थाको एकजना प्रतिनिधि -सदस्य

(च) समितिले मनोनयन गरेको बोर्डको भौगोलिक



प्राधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रभित्र खानेपानी वा सरसफाई सेवासँग सम्बन्धित संस्थामा कार्यरत एकजना प्रतिनिधि -सदस्य

(छ) खानेपानी तथा सरसफाई सेवा क्षेत्रका विज्ञमध्येबाट समितिले मनोनयन गरेको एकजना व्यक्ति -सदस्य

(३) समितिका सदस्यहरुको पदावधि, अध्यक्षको चयन, समितिमा महिलाको प्रतिनिधित्व तथा समितिको सचिव सम्बन्धी व्यवस्था दफा १० मा लेखिए बमोजिम हुनेछ ।

१२. **सदस्यको पद रिक्त हुने अवस्था**: समितिमा मनोनित सदस्यको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछ :-

(क) निजले मनोनयन गर्ने निकाय समक्ष आफ्नो पदबाट लिखित राजिनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज साहूको दामासाहीमा परेमा,

(घ) निज कुनै फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ङ) बिना सूचना निज लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा,

(च) निजको मृत्यु भएमा ।

१३. **रिक्त स्थानको पूर्ति:** समितिको मनोनित सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिकाबाट मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरी रिक्त पदको पूर्ति गरिनेछ ।

१४. **समितिको बैठक र निर्णय:** (१) समितिको बैठक बर्षको कम्तीमा छ पटक बस्नेछ र दुई बैठक बीचको फरक तीन महिना भन्दा बढी हुने छैन ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिका कम्तीमा पच्चीस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(७) समितिको निर्णय कार्यकारी निर्देशकले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **सदस्यको भत्ता तथा सुविधा:** (१) समितिका सदस्यले बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) समितिका सदस्यले बोर्डको काम गरे बापत पाउने अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

१६. **सर्वसाधारणको हित हेर्नु पर्ने:** समितिले बोर्डको तर्फबाट काम कारबाही गर्दा सर्वसाधारणको बृहत्तर हित र व्यापक सुविधालाई ध्यानमा राखी गर्नु पर्नेछ र त्यसरी काम गर्दा लागेको लागत खर्च उठाउनु पर्ने कुरा समेतलाई विचार गर्नु पर्नेछ ।

## परिच्छेद-४
## कार्यकारी निर्देशक तथा कर्मचारी सम्बन्धी व्यवस्था

१७. **कार्यकारी निर्देशकको नियुक्ति :** (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्न समितिले तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि पाँच बर्षको हुनेछ र निज अर्को एक अवधिको लागि कार्यकारी निर्देशकको पदमा पुनः नियुक्ति हुन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले बोर्डको हित विपरीत कुनै कामकारबाही गरेमा वा समितिले दिएको निर्देशन अनुरुप काम नगरेमा तोकिएको प्रकिया अपनाई निजलाई समितिले जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

१२५
१२१८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछन् ।

१८. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार**: कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) बोर्डको अल्पकालीन तथा दीर्घकालीन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गर्ने गराउने,

(ग) समितिबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्डको लागि आवश्यक कर्मचारी नियुक्तिको लागि समिति समक्ष सिफारिश गर्ने,

(ङ) समितिबाट स्वीकृत हुनु पर्ने प्रस्तावहरु समिति समक्ष पेश गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१९. **कर्मचारी सम्बन्धी व्यवथा**: (१) बोर्डमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद-५
## बोर्डको विशेषाधिकार

२०. **ऋृण तथा सहयोग लिन सक्ने**: बोर्डले आवश्यकता अनुसार नेपाल अधिराज्यको कुनै बैंक वा वित्तीय संस्था वा कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट ऋृण प्राप्त गर्न सक्नेछ ।

तर विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट ऋृण प्राप्त गर्नु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

२१. **लगानी गर्न सक्ने**: (१) बोर्डले दफा २८ बमोजिमको कोषमा रहेको रकम उपभोक्ताको हितलाई ध्यानमा राखी लगानी गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम गरिने लगानीको क्षेत्र तथा शर्त तोकिए बमोजिम हुनेछ ।

२२. **घर जग्गामा प्रवेश गर्न सक्ने:** (१) बोर्डको कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सोको कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शंका गर्नु पर्ने मनासिव आधार र कारण भएमा त्यस्तो घर जग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्ने छैन ।

(२) बोर्डको अनुमतिपत्र लिई वा बोर्डसँग सम्झौता गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकलाई समेत उपदफा (१) बमोजिमको अधिकार प्राप्त हुनेछ ।

२३. **निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन सक्ने:** (१) बोर्डले उपभोक्तालाई खानेपानी वा सरसफाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पाइप बिच्छ्याउँदा वा सो सँग सम्बन्धित अन्य संचरना निर्माण गर्दा कुनै व्यक्तिको निजी घर जग्गामा कुनै किसिमले हानि नोक्सानी भएमा त्यस बापत सम्बन्धित घर जग्गाधनीलाई मनासिव क्षतिपूर्ति दिनु पर्नेछ ।

२४. **सेवा प्रदायकसँग शुल्क लिन सक्ने:** (१) बोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्र सेवा सञ्चालन गर्ने सेवा प्रदायकसँग तोकिए बमोजिम शुल्क लिन सक्नेछ ।

(२) बोर्डले कुनै सेवा प्रदायकलाई आफ्नो सेवा प्रणाली सञ्चालन गर्न अनुमतिपत्र दिएको भएमा बोर्डले अनुमतिपत्रमा उल्लेख भए बमोजिमको रकम त्यस्तो सेवा प्रदायकबाट असूल उपर गर्नेछ ।

२५. **अतिरिक्त दस्तुर लगाउने** : (१) उपभोक्ताले सेवा उपयोग गरे वापत तिर्नु पर्ने महसुल निर्धारित समयभित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवा भन्दा थप सेवा उपलब्ध गराइएकोमा त्यस्तो उपभोक्ताबाट बोर्डले तोकिए बमोजिम अतिरिक्त दस्तुर असूल उपर गर्न सक्नेछ ।

(२) बोर्डसँग सम्झौता गरी वा बोर्डको अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकले समेत उपदफा (१) बमोजिमको अतिरिक्त दस्तुर लगाउन र उठाउन पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. **सेवा निलम्बन वा अन्त्य गर्न सक्ने:** (१) यस अध्यादेश वा प्रचलित कानून बमोजिम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा बोर्ड वा सेवा प्रदायकले निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा अन्त्य भएकोमा उपभोक्ताले बोर्ड वा सेवा प्रदायकलाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद-६

## कसुर तथा सजाय

२७. **कसुर तथा सजाय:** (१) यस अध्यादेश वा यस अन्तर्गत बनेको नियम प्रतिकूल हुने गरी कुनै काम गरी देहायको कसुर गर्ने व्यक्तिलाई बोर्डले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :-

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुऱ्याएमा क्षति भएको हानि नोक्सानी भराई कसुरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना,

(ख) खानेपानीलाई प्रदूषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएकोमा कसुरको मात्रा हेरी पच्चीस हजार रुपैयाँसम्म जरिनाना,

(ग) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गर्ने व्यक्तिलाई पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरी सेवा बन्द गर्न,

(घ) सेवा मापकयन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुऱ्याएमा दश हजार रुपैयाँसम्म जरिवाना,

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नष्ट गरेमा सो कामबाट पुग्न गएको क्षतिको बिगो भराई बिगो बमोजिम जरिवाना गर्न तथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा छ महिनासम्म बन्द वा निलम्बन गर्न ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सेवा प्रदायकले सेवा प्रदान गरेको अवस्थामा उपदफा (१) बमोजिमको कसुरका सम्बन्धमा सजाय गर्न वा क्षतिपूर्ति भराई माग्न सेवा प्रदायकले बोर्डमा निवेदन दिन सक्नेछ ।

(३)उपदफा (२) बमोजिम सेवा प्रदायकले बोर्ड समक्ष निवेदन दिएमा सो निवेदन उपर छानविन गरी कसुर गरेको ठहरेमा बोर्डले उपदफा (१) बमोजिम जरिवाना गर्न वा बिगो भराउन वा दुबै सजाय गर्ने आदेश दिन सक्नेछ ।

(४) जरिवाना बापत बोर्डले प्राप्त गरेको रकम दफा २९ बमोजिमकों कोषमा जम्मा गरिनेछ ।

(५) यस दफा बमोजिम कसुरको छानविन गरी सजाय गर्न बोर्डले तोकिए बमोजिम न्यायिक समिति गठन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम गठित न्यायिक समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## बोर्डको कोष र लेखापरीक्षण

२८. **बोर्डको कोष:** (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट ऋण वा अनुदान वा सहयोगको रुपमा प्राप्त रकम,

(ग) सेवा प्रदायकलाई सेवा प्रणाली उपयोग गर्न दिए बापत प्राप्त रकम,

(घ) सेवा प्रदायकबाट अनुमतिपत्र दस्तुर बापत प्राप्त रकम,

(ङ) उपभोक्ताले महसुल बापत बुझाएको रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम कुनै विदेशी संस्थाबाट रकम प्राप्त गर्नु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) बोर्डको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) बोर्डको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ र त्यस्तो खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२९. **उपभोक्ता संरक्षण कोष** : (१) यस अध्यादेश बमोजिम जरिवाना बापत प्राप्त गरेको रकम जम्मा गर्न बोर्डले एउटा उपभोक्ता संरक्षण कोष खडा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम सेवालाई नियमित गराउन, सेवा प्रणालीको आवश्यकता अनुसार मर्मत सम्भार गर्न वा पुनःनिर्माण गर्न तथा तोकिए बमोजिम उपभोक्तालाई अनुदान दिने काममा प्रयोग गरिनेछ ।

(३) कोषको सञ्चालन, व्यवस्थापन र उपयोग सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३०. **लेखा र लेखापरीक्षण:** (१) बोर्डको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) बोर्डले तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्नु गराउनु पर्नेछ ।

(३) बोर्डको आय व्ययको लेखापरीक्षण समितिले नियुक्त गरेको ईजाजतपत्र प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

(४) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत बोर्डको लेखा तथा सोसँग सम्बन्धित कागजात जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद-८

## विविध

३१. **श्री ५ को सरकारले निर्देशन दिन सक्ने:** श्री ५ को सरकारले सेवाको गुणस्तर कायम गर्ने, वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने कुरामा बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु बोर्डको कर्तव्य हुनेछ ।

३२. **बार्षिक प्रतिवदेन पेश गर्नु पर्ने:** (१) बोर्डले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र देहायका कुराहरु समेत समावेश गरी श्री ५ को सरकार समक्ष बार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछः-

१२७७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बोर्डको आम्दानी र खर्चको विवरण,

(ख) बोर्डले बर्षभरी आफूले सम्पादन गरेको कामको विवरण र सोको लागि लागेको प्रशासकीय खर्च,

(ग) आगामी बर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन श्री ५ को सरकारले प्रत्येक बर्ष बोर्डलाई सार्वजनिक गर्न लगाउनेछ ।

३३. **उपसमिति गठन गर्न सक्ने:** (१) बोर्डले आफूले गर्नुपर्ने काम कारबाही सुचारु रुपले सञ्चालन गर्न विभिन्न विषयसँग सम्बन्धित विशेषज्ञ, सेवा प्रदायक तथा उपभोक्ताको समेत संलग्नता रहने गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार तथा उपसमितिका सदस्यले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।

३४. **श्री ५ को सरकारसँग सम्पर्क:** बोर्डले श्री ५ को सरकारसँग सम्पर्क राख्दा भौतिक योजना तथा निर्माण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३५. **नियम बनाउने अधिकार:** यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न बोर्डले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

३६. **निर्देशिका बनाई लागू गर्न सक्ने:** बोर्डले यस अध्यादेश वा यस अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

३७. **बचाउः** सम्वत् २०६२ साल वैशाख ५ गते जारी भएको खानेपानी व्यवस्थापन बोर्ड अध्यादेश, २०६२ बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(दफा १० को उपदफा (७) सँग सम्बन्धित)

## शपथ

म..................................ईश्वरलाई साक्षी राखी/सत्य निष्ठापूर्वक शपथ लिन्छु कि समितिको अध्यक्ष/सदस्यको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी निष्पक्ष तथा इमान्दारीपूर्वक गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको गोप्य कुरा प्रचलित कानूनको पालनाको सिलसिलामा बाहेक कुनै अवस्थामा कसैलाई कुनै पनि माध्यमवाट आफू पदमा वहाल रहे वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन ।

मितिः-

दस्तखत :......................

लालमोहर सदर मिति २०६२।७।३।५

आज्ञाले,

डा. कुलरत्न भुर्तेल

श्री ५ को सरकारको सचिव

१२३५



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

२०६२ सालको अध्यादेश नं. ३९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

**नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई संशोधन गर्न बनेको अध्यादेश**

प्रस्तावनाः नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस अध्यादेशको नाम "नेपाल खानेपानी संस्थान (तेश्रो संशोधन) अध्यादेश, २०६२" रहेको छ ।

१.२ यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा २ मा संशोधन :** नेपाल खानेपानी संस्थान ऐन, २०४६ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को उपदफा २.१.३क पछि देहायको उपदफा २.१.३ख थपिएको छ :-

"२.१.३ख "सेवा प्रणाली" भन्नाले खानेपानी सेवा उपलब्ध गराउनको लागि निर्माण गरिएको जलाशय, त्यस्तो जलाशयमा जडान भएको पानी प्रशोधन वा शुद्धिकरण प्लाण्ट, पानी आपूर्ति गर्ने जडान भएको पाइप वा फोहर पानी शुद्धिकरण गर्ने प्लाण्ट, ढल निकासको व्यवस्था गर्नको लागि निर्माण गरिएको ढल निकास प्रणाली, उपकरण वा यस्तै प्रकृतिका अन्य संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी सेवा वा ढल निकास सेवासँग आवद्ध भएको घर वा जग्गा समेतलाई जनाउँछ ।"

३. **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को उपदफा ३.१ मा रहेका "नेपाल अधिराज्यको विभिन्न नगरपालिका तथा" भन्ने शब्दहरु झिकिएका छन् र "स्थापना गरिएको छ" भन्ने शब्दहरुको सट्टा "स्थापना गरेकोछ " भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल ऐनको दफा ५क. मा संशोधन:** मूल ऐनको दफा ५क. को उपदफा ५क१ को सट्टा देहायको उपदफा ५क१ राखिएको छः-

"५क१ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थानले यस ऐन बमोजिम सञ्चालन र व्यवस्थापन गरिरहेको सेवा प्रणाली प्रचलित कानून बमोजिम स्थापित संस्थालाई करारमा दिई सञ्चालन गर्न गराउन चाहेमा संस्थानले श्री ५ को सरकारको पूर्व स्वीकृति लिई संस्थानको स्वामित्व रहेको सेवा प्रणाली तथा सो सँग सम्बन्धित संरचना, उपकरण तथा सो सँग सम्बन्धित अन्य सम्पत्ति करारमा दिन सक्नेछ ।"

५. **मूल ऐनको दफा ५ख. मा संशोधन:** मूल ऐनको दफा ५ख. को सट्टा देहायको दफा ५ख. राखिएको छ :-

९२३६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५ख. **सेवा प्रणाली हस्तान्तरण गर्न सकिने** :

५ख१ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले यस ऐन बमोजिम संस्थानले सञ्चालन तथा व्यवस्थापन गरिरहेको कुनै क्षेत्रको सेवा प्रणालीलाई अन्य कुनै संस्थामा हस्तान्तरण गराई खानेपानी तथा ढल निकासको समुचित व्यवस्था गर्न उचित र आवश्यक देखेमा त्यस्तो क्षेत्रको सेवा प्रणालीको स्वामित्व अन्य कुनै संस्थामा हस्तान्तरण गर्न वा गराउन सक्नेछ ।

५ख२ उपदफा ५ख१ बमोजिम सेवा प्रणाली हस्तान्तरण गर्दा गराउँदा श्री ५ को सरकारले त्यसरी स्वामित्व हस्तान्तरण गरिएको सेवा प्रणाली र सो सँग सम्वन्धित सम्पत्तिको तोकिए बमोजिम मूल्याङ्कन गरी त्यस्तो सेवा प्रणालीको मूल्य बराबरको दायित्व समेत त्यस्तो संस्थामा सारी दिन सक्नेछ ।

५ख३. उपदफा ५ख१ बमोजिम सेवा प्रणालीको हस्तान्तरण भएमा सम्वन्धित क्षेत्रमा खानेपानी उपलब्ध गराउने तथा ढल निकास सम्बन्धी काम, सेवा प्रणालीको मर्मत संभार, संरक्षण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी त्यसरी स्वामित्व हस्तान्तरण गरिलिने संस्थाको हुनेछ ।"

६. **मूल ऐनमा दफा ५घ. थप:** मूल ऐनको दफा ५ग. पछि देहायको दफा ५घ. थपिएको छ :-

"५घ. **कर्मचारी सम्बन्धी विशेष व्यवस्था** :

५घ१ दफा ५क. बमोजिम करार भएकोमा त्यसरी करार हुंदाका बखत संस्थानमा कार्यरत कर्मचारीलाई करारमा उल्लिखित अवधिभरका लागि करारमा सेवा प्रणाली लिने संस्थाबाट पारिश्रमिक तथा सुविधा उपलब्ध गराउने गरी संस्थानले काजमा खंटाउन सक्नेछ ।

तर करारमा सेवा प्रणाली लिने संस्थाले करार वमोजिम लिएको सेवा प्रणालीसँग सम्बद्ध संस्थानका कर्मचारी लिन नचाहेमा वा त्यस्ता कर्मचारीले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित संस्थामा काम गर्न नचाहेमा संस्थानले त्यस्ता कर्मचारीलाई संस्थानको अन्य काममा लगाउन वा तोकिएको मापदण्डको आधारमा तोकिए बमोजिम उपदान दिई सेवाबाट अवकाश दिन सक्नेछ ।

५घ२ दफा ५ख. बमोजिम संस्थानले सञ्चालन र व्यवस्थापन गरिरहेको संस्थानको कुनै सेवा प्रणाली कुनै संस्थालाई हस्तान्तरण भएकोमा त्यस्तो सेवा प्रणालीसँग सम्बद्ध संस्थानका कर्मचारीलाई त्यसरी सेवा प्रणाली हस्तान्तरण गरिलिने संस्थामा खटाउन सकिनेछ ।

तर सेवा प्रणालीसँग सम्बद्ध संस्थानका कर्मचारीलाई सेवा प्रणाली हस्तान्तरण गरिलिने संस्थाले लिन नचाहेमा वा संस्थानका कर्मचारीले त्यस्तो संस्थामा काम गर्न नचाहेमा संस्थानले त्यस्ता कर्मचारीलाई संस्थानको अन्य काममा लगाउन वा तोकिएको मापदण्डको आधारमा तोकिए बमोजिमको सुविधा दिई सेवाबाट अवकाश दिन सक्नेछ ।

५घ३ उपदफा ५घ२ बमोजिम खटिएका कर्मचारीको सेवाका शर्त तोकिए बमोजिम हुनेछ ।

तर त्यसरी खटिएका कर्मचारीको पारिश्रमिक तथा सुविधा संस्थानले खटाउँदाका बखत उपलब्ध गराइरहेको पारिश्रमिक तथा सुविधाभन्दा कम हुने छैन ।"

७. **मूल ऐनको दफा ६ मा संशोधन** : मूल ऐनको दफा ६ को उपदफा ६.१ मा रहेका "निर्धारण गरी" भन्ने शब्दहरु झिकिएका छन्

८. **मूल ऐनको दफा ८ मा संशोधन** : मूल ऐनको दफा ८ को उपदफा ८.१ को सट्टा देहायको उपदफा ८.१ राखिएको छ :-

"८.१ संस्थानको काम, कारबाही, सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहायका सदस्यहरु भएको सञ्चालक समिति गठन गरिएको छः-

८.१.१ श्री ५ को सरकारले तोकेको वा नियुक्ति गरेको व्यक्ति - अध्यक्ष

८.१.२ प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी),

१०३६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | भौतिक योजना तथा निर्माण मन्त्रालय | - सदस्य |
| ८.१.३ | प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, (जनस्वास्थ्य हेर्ने) | - सदस्य |
| ८.१.४ | संस्थानले सेवा पुऱ्याएका नगरपालिकाहरुमध्येबाट श्री ५ को सरकारले तोकेको दुइवटा नगरपालिकाका प्रमुख | - सदस्य |
| ८.१.५ | उपभोक्ताको हितको संरक्षणमा संलग्न उपभोक्ताहरुको संस्थाहरुमध्येबाट श्री ५ को सरकारले तोकेको संस्थाको प्रतिनिधि एकजना | - सदस्य |
| ८.१.६ | खानेपानी गुणस्तर सम्वन्धी विशेषज्ञहरुमध्येवाट श्री ५ को सरकारले तोकेको एकजना | - सदस्य |
| ८.१.७ | पर्यावरण वा वातावरण संरक्षणमा संलग्न संस्थाहरु मध्येवाट श्री ५ को सरकारले तोकेको एकजना | - सदस्य |
| ८.१.८ | महाप्रवन्धक, नेपाल खानेपानी संस्थान | -सदस्य सचिव" |

९ **बचाउ:** सम्वत् २०६२ साल वैशाख ५ गते जारी भएको नेपाल खानेपानी संस्थान (तेस्रो संशोधन) अध्यादेश, २०६२ वमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

**लालमोहर सदर मिति २०६२।७।३।५**

**आज्ञाले,**
**डा. कुलरत्न भुर्तेल**
**श्री ५ को सरकारको सचिव**


अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।